स्थानीय सरकार
दुहबी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शिक्षा,युवा तथा खेलकुद शाखा
दुहबी, सुनसरी
कोशी प्रदेश, नेपाल
सम्पर्क नं.०२५-५४३०३०

प.सं.-२०८२/०८३
च.नं.-

मितिः २०८१।०९।०४

## नयाँ विद्यालय खोल्न तथा कक्षा थप गर्ने सम्बन्धी सूचना

शैक्षिक सत्र २०८३ देखि नयाँ विद्यालय खोल्ने तथा कक्षा थप गर्न चाहने इच्छुक व्यक्ति तथा संस्थाहरुले **दुहबी नगपालिकाको शिक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७** को अधिनमा रही सम्बन्धित वडा कार्यालयको सिफारिस सहित उक्त ऐनको अनुसूची १ बमोजिमको ढाँचामा फारम भरी दुहबी नगरपालिका नगर कार्यपालिकाको कार्यालय (शिक्षा, युवा तथा खेलकुद शाखा) मा तपसिल बमोजिमका कागजातहरु संलग्न गरी यसै पौष मसान्तसम्ममा रितपूर्वक दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । साथै थप जानकारी आवश्यक परेमा दुहबी नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा सम्पर्क गर्नुहुन समेत अनुरोध छ।

**संलग्न गर्नुपर्ने कागजातहरुः**

१. अनुसूची-१ बमोजिम विद्यालय खोल्ने/कक्षा थप गर्ने अनुमतिका लागि दिइने निवेदन।
२. गुठी अन्तर्गत विद्यालय संचालन गर्ने भए शैक्षिक गुठिको विधानको प्रतिलिपि।
३. जग्गा वा भवन भाडामा लिने भए कम्तिमा पाँच वर्षसम्मको लागि घर वा जग्गाधनीले बहालमा दिने सम्बन्धमा भएको कबुलियतनामा सम्बन्धी पत्र।
४. प्रस्तावित विद्यालयको क्षेत्रको शैक्षिक नक्सा।
५. सम्बन्धित वडासमितिको सिफारिस।
६. भवन निर्माण सम्मपन्न/भवन अभिलेखीकरणको कागजात।

२०८२/९/४

सुवर्ण घिमिरे
प्रमुख प्रशासकीय अधिकृत